# सानिमा बैंक लिमिटेडको
## नवौं वार्षिक साधारणसभाको विवरण (माईन्यूट)

यस बैंकका संचालकसमितिका अध्यक्ष श्री जीवनाथ लामिछानेको अध्यक्षतामा वि.सं. २०७० साल आश्विन २४ गते (ई.स.१० अक्टोबर २०१३) बिहीबार विहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म राष्ट्रिय सभागृह, प्रदर्शनिमार्ग, काठमाडौंमा सम्पन्न भएको नवौं बार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्युट) देहाय बमोजिम रहेको छ ।

**१. उपस्थिति**

**क. सभामा उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री जीवनाथ लामिछाने | - अध्यक्ष |
| २. | श्री विनयकुमार श्रेष्ठ | - सञ्चालक |
| ३. | श्री रामकृष्ण शाह | - सञ्चालक |
| ४. | श्री शाम्वा लामा | - सञ्चालक |
| ५. | श्री महेश घिमिरे | - सञ्चालक |
| ६. | श्री भरतकुमार पोखरेल | - सञ्चालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री कुमार लम्साल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री शावित्री पौडेल | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री शशी अर्याल | प्रतिनिधि, नेपाल धितोपत्र वोर्ड |
| ३. | श्री लव खत्री | प्रतिनिधि, सि.एस.सि.एण्ड कं.लेखापरीक्षक |
| ४. | श्री बद्रीविशाल घिमिरे | कानूनी सल्लाहकार |
| ५. | श्री जयन्तकुमार रेग्मी | निर्वाचन अधिकृत |

**घ.** यस नवौं वार्षिक साधारणसभाको मितिसम्म ८४७३ जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका ।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत : ६३.१४**

**च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको वि.स.२०७० साल आश्विन ३ गते बसेको २१४ औं बैठकको निर्णयानुसार बैंकको नवौं वार्षिक साधारणसभाको सूचना वि.सं.२०७० आश्विन ४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र आश्विन ७ गते अन्नपूर्णपोष्ट राष्ट्रियदैनिकमा प्रकाशित गरिनुकासाथै आश्विन ३ गते नै इमेज एफएमबाट समेतसूचना प्रशारणगरि शेयरधनीहरूलाई

सभावारे जानकारी गराइएको थियो । यसका साथै शेयरधनीहरुको यस बैंकमा उपलब्ध अभिलेख ठेगानामा समेत जानकारी पठाइएको थियो । बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनु पर्नेमा कुल शेयर संख्याको स्वयं तथा प्रोक्सी मार्फत ६३.१४ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरकसंख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी सभालाई गराइयो ।

## २. छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव :

१. नवौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६९/७० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षणसमितिको सिफारिस बमोजिम आ.व.२०७०/७१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
४. संचालकसमितिले प्रस्ताव गरे बमोजिम ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. संस्थापक समूह (समूह“क”) का शेयरधनीहरुको तर्फबाट संचालकसमितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकको निर्वाचन गर्ने ।

### ख. विशेष प्रस्ताव :

१. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।
२. संचालकसमितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १० (दश) प्रतिशतका दरले वोनस शेयर वितरण गरी सोही अनुसार चुक्ता पूँजी वृद्धि गर्ने निर्णय पारीत गर्ने ।
३. प्रचलित कानूनको अधिनमा रहि विद्युतिय संचार माध्यमबाट समेत संचालकसमितिको बैठकमा भाग लिन सकिने व्यवस्था थप गर्न नियमावली संशोधन गर्ने प्रस्ताव पारीत गर्ने ।
४. संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा संशोधन गर्ने ।
५. प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालकसमितिलाई अख्तियारी दिने ।

### (ग) विविध

## ३. सभाको प्रारम्भ :

वि.सं.२०७०/६/३ मा सम्पन्न सञ्चालकसमितिको २१४ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम तल उल्लेखित विषयहरु नवौं वार्षिक साधारणसभामा छलफल एवं निर्णयको लागि प्रस्तुत भएको जानकारी कम्पनी सचिवले पढेर सुनाउनु भयो ।

४. **प्रतिवेदन प्रस्तुतः**

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री जीवनाथ लामिछानेले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालकसमितिको तर्फवाट आ.व.२०६९/७० को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालकसमितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु श्री व्यास कुमार शर्मा, श्री भक्ति प्रसाद उप्रेती, श्री दामोदर प्रसाद रेग्मी, मेजर कुवेर श्रेष्ठ, श्री अमृतनाथ रेग्मी, श्री नरसिंहलाल चखुँ, डा.माधव कुमार श्रेष्ठ, श्री उद्धव घिमिरे, श्री शिवप्रसाद शर्मा, श्री डमरुवल्लभ घिमिरे, श्री कृष्णप्रसाद अधिकारी, श्री इन्द्रकृष्ण श्रेष्ठ र श्री लवराज जोशीले आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

**अध्यक्षको जवाफ :**

शेयरधनीहरुबाट राख्नु भएका जिज्ञाशाहरुको अध्यक्षबाट प्रत्युत्तर दिनुभई शेयरधनीहरुबाट प्राप्त राय, सुझावको लागि धन्यवाद दिनु भयो । साथै शेयरधनीहरुबाट प्राप्त मन्तव्य, राय, सुझावहरुलाई आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभावाट भएका निर्णयहरुः**

क. **सामान्य प्रस्ताव**

**१. नवौं वार्षिक साधारणसभाको लागि सञ्चालकसमितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

संचालकसमितिका तर्फबाट अध्यक्ष श्री जीवनाथ लामिछानेले प्रस्तुत गर्नु भएको सञ्चालकसमितिको नवौं वार्षिक साधारणसभाको प्रतिवेदन सभामा छलफल भई सर्वसम्मतिवाट पारीत गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६९/७० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०६९/७० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एवं तद्सम्वन्धि अनुसूचीहरु सर्वसम्मतिवाट पारित गरियो ।

**३. लेखापरीक्षणसमितिको सिफारिस बमोजिम आ.व.२०७०/७१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षणसमितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री टि.आर.उपाध्याय एण्ड कं.,चाटर्ड एकाउन्टेन्टस्, काठमाडौंलाई तल उल्लेख भए बमोजिम पारिश्रमिक दिने गरि चालू आ.व.२०७०/७१ को लागि लेखापरीक्षकमा नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरियो ।

**पारिश्रमिक :**

३.१ लेखापरीक्षणको कार्य गरे वापत लाग्ने मुल्य अभिवृद्धि कर वाहेक रु.४,५०,०००/- (चार लाख पचास हजार रुपैयाँ) उपलब्ध गराउने ।

३.२. लेखापरीक्षण कार्यको लागि काठमाण्डौ बाहिर जानु परेमा होटल बसाई र आवतजावतको यातायातको व्यवस्था बैंकले गरिदिने र प्रतिव्यक्ति रु.१०००/- (एक हजार) दैनिक भत्ता उपलब्ध गराउने ।

**४. संचालकसमितिले प्रस्ताव गरे बमोजिम ०.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

संचालकसमितिले प्रस्ताव गरे बमोजिम ३१ आषाढ २०७० मा समाप्त भएको आर्थिक बर्षमा भएको मुनाफा तथा संचित नाफाबाट चुक्ता पूँजीको ०.५२६३ प्रतिशतका दरले हुने रकम रु.१,०६,१०,५२६/-नगद लाभांश नवौं वार्षिक साधारणसभासम्म कायम रहेका शेयरधनीहरुलाई वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**५. संस्थापक समूह (समूह “क”) का शेयरधनीहरुको तर्फबाट संचालकसमितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकको निर्वाचन गर्ने ।**

संस्थापक समूह (समूह “क”) का शेयरधनीहरुका तर्फबाट संचालकसमितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना निम्न उल्लेखित संस्थापक शेयरधानीहरु आगामी ४ बर्षका लागि संचालकमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री जयन्त कुमार रेग्मीले सभालाई जानकारी गराउनु भयो ।

तपसील :

१. श्री तुकप्रसाद पौडेल

२. डा.सुवर्णदास श्रेष्ठ

३. श्री विनय कुमार श्रेष्ठ

**(ख) विशेष प्रस्तावहरु :**

**१. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।**

यस बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्रमा संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव उपर छलफल हुदा बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजीलाई तल उल्लेख भए बमोजिम वृद्धिगरी प्रबन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

- दफा ५(क): बैंकको अधिकृत पूँजी रु.२,२५,००,००,०००/-(दुई अर्ब पच्चीस करोड रुपियाँ) हुनेछ । उक्त पूँजीलाई रु.१०० का दरका २,२५,००,००० (दुई करोड पच्चीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

- दफा ५(ख) : बैंकको जारी पूँजी रु.२,२१,७६,००,०००/- (दुई अर्ब एक्काईस करोड छयत्तर लाख रुपियाँ) हुनेछ । जसलाई रु.१०० का दरका रु.२,२१,७६,०००/- (दुई करोड एक्काईस लाख छयत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिने छ ।

- दफा ५(ग): बैंकको चुक्ता पूँजी रु.२,२१,७६,००,०००/- (दुई अर्ब एक्काईस करोड छयत्तर लाख रुपियाँ) हुनेछ ।

- दफा ३(१७): नेपाल राज्यभित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन चाँदी, शेयर, डिबेन्चर, बण्ड आदि खरिद, बिक्री गर्ने तथा उल्लेखित कारोबारहरुबाट उत्पन्न जोखिम व्यवस्थापन गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायसंग सम्झौता गरी आवश्यक कार्य गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुल उपर गर्ने ।

**२. संचालकसमितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १० (दश) प्रतिशतका दरले वोनस शेयर वितरण गरी सोही अनुसार चुक्ता पूँजी वृद्धि गर्ने निर्णय पारीत गर्ने ।**

संचालकसमितिले प्रस्ताव गरे बमोजिम नवौं वार्षिक साधारणसभासम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको १० (दश) प्रतिशत (रु.२०,१६,००,०००/-) वोनस शेयर वितरण गरी चुक्ता पूँजी वृद्धि गरी रु.२,२१,७६,००,०००/- (दुई अर्ब एक्काईस करोड छयत्तर लाख रुपियाँ) पुऱ्याउने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**३. प्रचलित कानूनको अधिनमा रहि विद्युतिय संचार माध्यमबाट समेत संचालकसमितिको बैठकमा भाग लिन सकिने व्यवस्था थप गर्न नियमावली संशोधन गर्ने प्रस्ताव पारीत गर्ने ।**

प्रचलित कानूनको अधिनमा रहि अभिलेख रहने गरी आधुनिक संचारका माध्यमबाट समेत संचालकसमितिको बैठकमा भाग लिन सकिने व्यवस्था थप गर्न नियमावलीमा निम्न बमोजिमको व्यवस्था थप गरी संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

**नियम १२ (ज२९) :**

संचालकले प्रचलित कानूनको अधिनमा रहि अभिलेख रहने गरी आधुनिक संचारका माध्यमबाट समेत संचालकसमितिको बैठकमा भाग लिन सक्नेछन् ।

**४. संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा संशोधन गर्ने ।**

संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरुलाई समयानुकुल परिमार्जन गर्न आवश्यक भएकाले बैठक भत्ता तथा अन्य सुविधाहरुलाई निम्न बमोजिम नियमावलीमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरियो ।

**नियम १६(क)१ : बैठक भत्ता**

बैठकको अध्यक्षता गर्नेलाई प्रतिबैठक (उपस्थित भएको खण्डमा मात्र) रु.१२,०००/- (बाह्र हजार रुपियाँ) र संचालकलाई प्रतिबैठक (उपस्थित भएको खण्डमा मात्र) रु.१०,०००/-(दश हजार रुपियाँ) उपलब्ध गराउने ।

**नियम १६(क)२ : संचार सुविधा**

संचालकसमितिका अध्यक्ष तथा संचालकहरुलाई दैनिक, साप्ताहिक समाचारपत्र, बैंक तथा वित्तसम्बन्धी बिषयका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रबाट प्रकाशित हुने Magazine, Periodicals, तथा अन्य पत्र-पत्रिकाहरु, टेलिफोन, इन्टरनेट आदि सेवाका निमित्त बढीमा मासिक रु.१०,०००/- (दश हजार रुपियाँ) सम्म (बिल पेश गरेको आधारमा) उपलब्ध गराउने

**नियम १६(क)३ :** खारेज गरिएको ।

५. **प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालकसमितिलाई अख्तियारी दिने ।**

प्रबन्धपत्र तथा नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल/संशोधन गर्न संचालकसमितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

७. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

शेयरधनी महानुभावहरुको सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालकसमिति, लेखापरीक्षणसमिति, सम्वन्धितनिकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी नवौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गरी अध्यक्षज्यूले सभा विर्सजन गर्नु भयो ।

| | |
|---|---|
| रुद्रप्रसाद बन्जारा | जीवनाथ लामिछाने |
| कम्पनी सचिव | अध्यक्ष |

**मिति : २०७०/०६/२४**